# बढैयाताल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

# सिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०७/१४

यस गाँउपालिका अन्तरगत ४ नं. वडा कार्यालय भवन निर्माणका लागि तपसिलका अनुसारको जग्गा सिलबन्दी दरभाउ-पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले इच्छुक जग्गा धनिबाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वकको घटिघटाउ सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ।

१. जग्गा धनि पुर्जा, जग्गा धनिको नागरिकता, आ.व.०७७।०७८ सम्मको मालपोत तिरेको रसिद, जग्गाको कित्ता र सो कित्ता सम्म पुग्ने बाटो देखिने गरि नापि कार्यालयबाट प्रष्ट पारिएको ब्युलु प्रिन्ट र ट्रेश नक्सा, जग्गा रोक्का नरहेको प्रमाण-पत्रको प्रतिलिपि संलग्न राखि देहाय अनुसारको दस्तुर (फिर्ता नहुने गरि) नगद प्रथम पटक सूचना प्रकाशित मितिले १५औं दिन कार्यालय समय सम्ममा तिरि सक्नु पर्नेछ।

२. उपलब्ध गर्न चाहेको जग्गा वडा नं. ४ खैरेनी बजार क्षेत्र श्री ज्ञानज्योति मा.बि. को ५०० मिटर चौघेरा भित्र मात्र हुनु पर्नेछ।

३. उपलब्ध गर्न चाहेको जग्गा कम्तिमा ८ मिटर चौडा ग्राभेल वा कच्ची चालु बाटोले अनिवार्य छोएको हुनु पर्ने छ।

४. उपलब्ध गर्न चाहेको जग्गा बाटो तर्फ मोहडा कम्तिमा ३५ मिटर अनिवार्य हुनु पर्ने छ।

५. उपलब्ध गर्न चाहेको जग्गा कम्तिमा (०-४-०) चार का देखि बढीमा (०-७-०) सात का सम्म हुनु पर्नेछ।

६. उपलब्ध गर्न चाहेको जग्गा कुनै किसिमको खिचलो नभएको हुनु पर्नेछ।

७. खाम बन्दि दरभाउ-पत्र फारम यो सूचना पहिलो पटक प्रकासित भएको मितिले १६औं दिन दिनको १२ :०० बजे भित्र रितपूर्वक भरि प्रत्यक पानामा दस्तखत गरि सिलबन्दी खाम बाहीर कामको नाम र ठेक्का नं. समेत खुलाई बढैयाताल गाँउकार्यपालिकाको कार्यालयमा स्वयम जग्गा धनि उपस्थित भई दर्ता गराई सक्नु पर्ने छ। रित पुर्वक पर्न आएका सिलबन्दी दरभाउ-पत्र सोही दिन दिनको १:०० बजे दरभाउ-पत्रदाता र कर्मचारीको रोहवरमा बढैयाताल गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेद छ। दरभाउ-पत्रदाता उपस्थित नभए पनि खोल्ने बाधा पर्ने छैन।

८ .दरभाउ-पत्र स्वीकृत गर्ने /नगर्ने आँसिक स्वीकृत गर्ने /कारण नजनाई रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. दरभाउ-पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सोहि समयमा उक्त कार्यहरु हुनेछन्।

१०. रित नपुगेको, म्याद नाघि आएको र सर्त सहितको दरभाउ-पत्र उपर कुनै कारवाही गरिने छैन।

११. सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने छ।

१२. अन्य जानकारीको लागि बढैयाताल गाँउकार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सर्म्पक राख्न सकिनेछ।

***तपसिल***

| ठेक्का नं. | योजनाको नाम | प्रति कठ्ठा अनुमानित रकम | दरभाउपत्र निबेदन दस्तुर |
|---|---|---|---|
| २/०७७/०७८ | ४नं. वडा कार्यालय जग्गा खरिद | मालपोत कार्यालय बर्दियाको न्यूनतम मुल्य | १,०००/- |

प्रमुख प्रशासकीय अधिकृत
बढैयाताल गाँउकार्यपालिकाको कार्यालय